सरुमारानी गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

बङ्गाँडा ,प्यूठान

लुम्बिनी प्रदेश नेपाल

प.सः ०८०।०८१

च.नं: १२६०

मितिः२०८०।१०।२९

श्री सबै शाखा प्रमुखज्यूहरु,
सरुमारानी गाउँपालिका,प्यूठान ।
श्री वडा कार्यालयहरु सबै
सरुमरानी गाउँपालिका,प्यूठान ।

विषयः निर्णय प्रतिलिपी पठाइएको सम्बन्धमा ।

प्रस्तुत विषयमा यस सरुमारानी गाउँपालिकाको मिति २०८०।१०।२५ गते बसेको बैठकको निर्णय प्रति आवश्यक कार्यान्वयन तथा जानकारीको लागि यसै पत्र साथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

(देविराम पाठक)
प्रमुख प्रशासकीय अधिकृत

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वड्डांडा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झगां बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

## सरुमारानी गाउँपालिका, कार्यपालिकाको बत्तिसौ बैठकका प्रस्तावहरु

### मिति २०८०।१०।२५ गते

१. मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्बन्धमा ।
२. बालमैत्री पूर्वाधार योजना छनौट सम्बन्धमा ।
३. सीपमूलक तालिम तथा सामग्री र प्रविधिमैत्री सामग्री सहयोग सम्बन्धमा ।
४. आधारभूत तह स्तरीय परीक्षा समिति पूनर्गठन सम्बन्धमा ।
५. सडक गुरु योजना निर्माण सम्बन्धमा ।
६. महिला तथा बालबालिका सम्बन्धि डकुमेन्ट्री प्रदर्शन सम्बन्धमा ।
७. प्यूठानी डकुमेन्ट्री निर्माणको भुक्तानी सम्बन्धमा ।
८. प्रदेश स्थापना दिवशमा सहभागी झाँकिसमूहको खर्च सम्बन्धमा ।
९. स्वास्थ्य क्षयरोग मुक्त घोषणा कार्यक्रमको कर्मचारी पदपुर्ती सम्बन्धमा
१०. आखाउपचार सेवा केन्द्र स्थापना सम्बन्धमा ।
११. आर्थिक सहयोग सम्बन्धमा ।
१२. विविध सम्बन्धमा ।

- जिल्ला स्तरीय राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिताको लागि बजेट ।
- बृदाश्रम सहयोग रकम सम्बन्धमा ।
- टोल विकास संस्थाको जानकारी सम्बन्धमा ।

झगां बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वड्डांडा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बङ्गडांडा प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झगा बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

## बैठक संख्या-३२

### गाउँकार्यपालिकाको बत्तिसौं बैठकका निर्णयहरु-२०८०।१०।२५ गते

**निर्णय न. १ मूख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा ।**

क) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, लुम्बिनी प्रदेशको मूख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमको लागि प्रस्ताव आव्हान सम्बन्धि मिति २०८०।१०।१५ गते प्रकाशित सूचना अनुसार नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वियन निर्देशिका, २०८० को अनुसूची-२, २(क), २(ख) र २(ग) को ढाँचामा **लोपोन्मूख वाली संरक्षण तथा प्रवर्द्धन** परियोजनाको प्रस्ताव-पत्र पेश गर्ने निर्णय गरियो ।

ख) मूख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमको लागि प्रस्ताव आव्हान सम्बन्धि मिति २०८०।१०।१५ गते प्रकाशित सूचना अनुसार नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८० बमोजिम यस कार्यालयबाट पेश गरिने परियोजना **लोपोन्मूख वाली संरक्षण तथा प्रवर्द्धन** परियोजनाको नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८० को बमोजिमको लुम्विनी प्रदेश, मूख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय- नवप्रवर्तन साझेदारी कार्यक्रमसंग रु. १,००,००,०००/- माग गर्ने र नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८० बमोजिम ३० प्रतिशतले हुने रकम रु. ३०,००,०००/- यस गाउँपालिकाले र स्थानीय साझेदार सहकारी ऐरावती बहुउद्देशीयय साना किसान सहकारी संस्था लिमिटेड, सरुमारानी -४ बङ्गाडाबाट रु. ५,००, ०००/- ब्यहोर्ने प्रतिबद्धता गरियो ।

ग) नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८० को दफा ८ को उपदफा ३ बमोजिम स्थानीय तहले परियोजना प्रस्ताव पेश गर्दा गैर सरकारी संस्था वा सामुदायिक संस्था वा सहकारी वा निजी क्षेत्रका संघ संस्थासँग प्राविधिक सहायताको साझेदारी हुने गरी आफ्नो नेतृत्व र जिम्मेवारीमा परियोजना संचालन गर्न प्रस्ताव पेश गर्ने ब्यबस्था भए बमोजिम यस गाउँपालिकाले पेश गर्ने **लोपोन्मूख वाली संरक्षण तथा प्रवर्द्धन** परियोजना प्रस्ताव कार्यान्वयनको लागि परियोजनाको उद्देश्य बमोजिम कार्यक्रमको प्रर्वदन प्रशोधन र वजारीकरणको लागि स्थानीय ऐरावती बहुउद्देशीय साना किसान सहकारी संस्था लिमिटेड, सरुमारानी -४ बङ्गाडासंग साझेदारी प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

घ) **लोपोन्मूख वाली संरक्षण तथा प्रवर्द्धन** परियोजना कार्यान्वयनको अबधि समाप्त भएपछि परियोजनाको तिरन्तरता र दिगोपनाका लागि प्रत्येक बर्ष न्यूनतम बजेट रु. ५०,००,०००/- (पचास लाख) नघटने गरी गाउँसभाबाट बजेट विनियोजनको सुनिश्चितता गर्ने निर्णय गरियो ।



सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बङ्गडांडा प्युठान

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झगा बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

ङ) नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तरगत पेश भएको **लोपउन्मूख वाली संरक्षण तथा प्रवर्द्धन** परियोजनाको कार्यान्वयन, सहजिकरण तथा अनुगमन गर्नको लागी तपशिल बमोजिमको परियोजना कार्यान्वयन तथा सहजिकरण समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

| | |
|---|---|
| १. गाउँपालिका अध्यक्ष | - संयोजक |
| २. गाउँपालिका उपाध्यक्ष | -सदस्य |
| ३. प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| ४. आर्थिक विकास समितिको संयोजक | -सदस्य |
| ६. पुर्वाधार विकास समितिको संयोजक | -सदस्य |
| ७. कार्यापालिकाको दलित महिला/पिछडिएको समुदायको सदस्य | -सदस्य |
| ८. साझेदार सहकारी संस्थाको प्रतिनिधि/अध्यक्ष/ब्यबस्थापक | -सदस्य |
| ९. आर्थिक प्रशासन र पशुपंक्षि शाखाको शाखा प्रमुखहरु | -सदस्य |
| १०. कृषि विकास शाखा प्रमुख | -सदस्य-सचिव |

च) नवप्रवर्तन साझेदारी कार्यक्रम संचालनको लागि सम्पर्क शाखाको रुपमा कृषि विकास शाखा र सम्पर्क ब्यक्तिको लागि कृषि अधिकृतलाई तोक्ने निर्णय गरियो ।

**निर्णय न. २.बालमैत्री पूर्वाधार योजना छनौट सम्बन्धमा ।**

प्रस्ताव न. २ माथि छलफल गर्दा यस गाउँपालिकाको चालू आ.ब.२०८०।०८१ को बार्षिक स्वीकृत कार्यक्रम अति विपन्न तथा पिछडीएको बर्ग/समुदाय उत्थान कार्यक्रम (संघीय विशेष अनुदान) अन्तर्गत बालमैत्री पूर्वाधार निर्माण र शैक्षिक सामग्री सहयोग शिर्षक बाट तपशिलका योजनाहरु छनौट गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स. | योजनाको नाम | ठेगना | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १ | बांगेशाल वाल विकास मर्मत तथा वाउण्डरीवाल निर्माण | वडा न. १ बागेशाल छात्रावास | १५००००।- | |
| २ | खडक ने.रा. आधारभूत विद्यालय मर्मत तथा फर्निचर निर्माण | वडा न. १ झिलिवाङ्ग | १०००००।- | |
| ३ | बालविकास आ.वि. मर्मत, फर्निचर तथा खानेपानी धारा निर्माण | वडा न. २ गनाहा | २०००००।- | |
| ४ | चेतना बाल विकास केन्द्र मर्मत तथा रंगरोगन | वडा न. २ भोम्पाली | १०००००।- | |
| ५ | सूर्योदय ने.रा. प्रा.वि.विधालय रंगरोगन तथा मर्मत | वडा न. ३ ढाव | १५००००।- | |
| ६ | सत्य गोरखनाथ प्रा.वि शौचालय निर्माण | वडा न. ३ सूजिनपुर | १०००००।- | |

सम्मारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वड्डाँडा, प्यूठान लुम्बिनी प्रदेश, नेपाल २०७३

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झगा बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ७ | शैक्षिक सामग्री सहयोग/कक्षा कोठा ब्यवस्थापन-बालविकास/प्रा.वि.हरुमा | | २०००००।- | |
| | जम्मा | | १०,००,०००।- | |

**निर्णय न. ३. सीपमूलक तालिम तथा सामग्री र प्रविधिमैत्री सामग्री छनौट सम्बन्धमा ।**

प्रस्ताव न. ३ माथि छलफल गर्दा यस गाउँपालिकाको चालू आ.ब.२०८०।०८१ को बार्षिक स्वीकृत कार्यक्रम अति विपन्न तथा पिछडीएको बर्ग/समुदाय उत्थान कार्यक्रम (संघीय विशेष अनुदान) अन्तर्गत बिभिन्न शिर्षकमा विनियोजन भएको रकमबाट तपशिल बमोजिमका सीपमूलक तालिम तथा सामग्री र प्रविधिमैत्री सामग्री छनौट गर्ने निर्णय गरियो ।

तपशिल

महिला तथा किशोर किसोरी कार्यक्रम

| क्र.स. | लक्षित बर्ग शिर्षक | बजेट रु | कैफियत |
|---|---|---|---|
| क | मागमा आधारित विभिन्न सिपमूलक तालिम तथा प्रविधि सहयोग | रु. ४८००००।- | |
| | आधारभूत कम्प्यूटर तालिम-सबै वडाबाट ३ जनाका दरले एलएलसी/एसईई पास गरेका किशोरीहरु | | १८ जना |
| ख | विभिन्न सिपमूलक तालिमहरुसंग सम्बन्धित प्रविधिहस्तान्तरण सामग्री सहयोग | रु. २४००००।- | |
| | गारमेन्ट मेसिन ठूलो | | ५ वटा |

दलित बर्ग उत्थान कार्यक्रम

| क्र.स. | लक्षित बर्ग शिर्षक | बजेट रु | कैफियत |
|---|---|---|---|
| क | विभिन्न तालिमहरु,प्रविधिहस्तान्तरण सामग्री सहयोग | रु. ६०००००।- | |
| | आधारभूत कम्प्यूटर तालिम-सबै वडाबाट २ जनाका दरले | १५००००/- | १२ जना |
| | आधुनिक हतियार (चुलेसी, खुकुरी, खुडा) निर्माण तालिम र सामाग्री सहयोग | ४०००००/- | १२ जना |
| | आरन मेसिन, लिई र चेप्टो रेत वडा न. ४ | ५००००/- | ३ सेट |

अति विपन्न परिवार उत्थान कार्यक्रम

| क्र.स. | लक्षित बर्ग शिर्षक | बजेट रु | कैफियत |
|---|---|---|---|
| क | माग संकलन विभिन्न तालिम, प्रविधिहस्तान्तरण सामग्री सहयोग | रु. ४८००००।- | |
| | ईन्टरलक मिसिन-४, Flatlock swewing machine वडा न. ४,-१, टिनको खिया हटाउने स्प्रे मिसिन-६, ग्रिन्डर मिसिन-६, आरन सुधार सानो वयल्डिङ्ग मिसिन-६, | | |
| ख | सशक्तिकरण र सिपमूलक तालिमहरु | रु. ३२००००/- | |



सम्मारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वड्डाँडा, प्यूठान लुम्बिनी प्रदेश, नेपाल २०७३

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झगा बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा प्युठान
लुम्बिनी प्रदेश,नेपाल
२०७३

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झक बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

| | | | |
|---|---|---|---|
| | मोटरपंखा मर्मत तालिम | ५/५ जनाका दरले-१० जना र अन्य वडाबाट १/१/ जनाका दरले | १४ जना |

युवा तथा बेरोजगारी ब्यक्ति सहयोग कार्यक्रम

| क्र.स. | लक्षित बर्ग शिर्षक | बजेट रु | कैफियत |
|---|---|---|---|
| क | युवा तथा बेरोजगार सिपमूलक तालिम | रु. ४८००००।- | |
| ख | युवा तथा वेरोजगार युवाहरुलाई विभिन्न तालिम सामग्री सहयोग र प्रविधिमैत्री सामग्री सहयोग | रु. २०००००/- | |
| | भुकम्प प्रतिरोधि घरनिर्माण तालिम र सामग्री सहयोग | वडा न. ५ र ६ बाट ५/५/ जना र बाकी वडा बाट २/२/ जना | १८ जना |

बालबालिका कार्यक्रम

| क्र.स. | लक्षित बर्ग शिर्षक | बजेट रु | कैफियत |
|---|---|---|---|
| क | विधालयहरुमा प्रविधिमैत्री सामग्री खरिद र हस्तान्तरण | रु. ४८००००।- | |
| | श्री ऐश्वर्र्य प्रा.वि.भिगृखोला वडा न. ६ | | |

**निर्णय न. ४ आधारभूत तह स्तरीय परीक्षा समिति पूनर्गठन सम्बन्धमा ।**

प्रस्ताव न. ४ माथी छलफल गर्दा सरुमारानी गाउँपालिकाको शिक्षा ऐन, २०७५ मा भएको ब्यवस्था अनुसार आधारभूत तहको परिक्षाको संचालन, समन्वय, अनुगमन र ब्यवस्थापनको लागि तपशसिल बमोजिमको परीक्षा समिति पुनर्गठन गर्ने निर्णय गरियो ।

तपिशल

- प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष
- सरस्वती मा.वि. बांगेशालका प्र.अ. श्री भक्त मर्साङ्गी -सदस्य
- सत्य मा.वि ददेरी का प्र.अ. श्री नारायण पौडेल -सदस्य
- बुद्द प्रा.वि.छत्तिवनका शिक्षक श्री गिता पोखेल -सदस्य
- शिक्षा विद् श्री निर्मल शर्मा-बांगेशाल -सदस्य
- शिक्षा विद श्री भुमा आचार्य-बड्डाडा -सदस्य
- बांगेशाल गौमूखि मेमोरियल ईङ्गलिस स्कूलका शिक्षक श्री होतराज घिमिरे-सदस्य
- शिक्षा शाखा प्रमुख श्री पुष्पलाल शाही -सदस्य सचिव

**निर्णय न. ५ सडक गुरु योजना निर्माण सम्बन्धमा ।**

प्रस्ताव न. ५ माथी छलफल गर्दा यस गाउँपालिकाको यातायात सडक गुरु योजना निर्माण गर्ने निर्णय गरियो ।

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा प्युठान
लुम्बिनी प्रदेश,नेपाल
२०७३

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झक बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वड्डाँडा प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झगा बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

**निर्णय न. ६ महिला तथा बालबालिका सम्बन्धि डकुमेन्ट्री प्रदर्शन सम्बन्धमा**

प्रस्ताव न. ६ माथी छलफल गर्दा सृष्टि फाउन्डेसन काठमान्डौको मिति २०८०।०९।१४ को पत्र अनुसार महिला हिंसा र वाल विबाह विरुद्धको सामाजिक अभियानको रुपमा निर्माण गरिएको सामाजिक चलचित्र जुना यस गाउँपालिकाका सबै वडाहरुमा संचालन गर्नको लागि पेश भएको प्रस्ताव स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो । साथै उक्त कार्यक्रम संचालन वापत यस गाउँपालिकाको चालू आ.ब.को स्वीकृत बिशेष अनुदान कार्यक्रम अन्तरगत लैगिक हिंशा, वालविवाह, बहुविवाह तथा सामाजिक समावेशीकरण अभिमूखिकरण शिर्षकबाट रु.१,२०,०००/- विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय न. ७ प्यूठानी डकुमेन्ट्री निर्माणको भुक्तानी सम्बन्धमा ।**

प्रस्ताव न. ७ माथी छलफल गर्दा त्रिभुवन विश्व विधालय, ग्रामिण विकास केन्द्रिय विभागका उप-प्रध्यापक डा. राजन विनायक पासा ले यस कार्यालयमा दिएको निवेदन अनुसार प्यूठान जिल्लाको पर्यटन प्रवर्द्धन गर्ने लक्ष्यका साथ निर्माण गरिएको सांगितिक वृतचित्र प्यूठान जिल्लै भरी संगसंगै रम्दै घुमौला प्रस्ताव स्वीकृत गरी उक्त वृतचित्रको लागि यस गाउँपालिकाको चालू आ.ब.को स्वीकृत कार्यक्रम अन्तर्गत सरुमारानी गाउँपालिकाको र्यफ्टिङ्ग र प्याराग्लाईडिङ्गको नमूना परिक्षण तथा अध्ययन शिर्षकमा विनियोजन भएको बजेटबाट रु. ७५,०००/- भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय न. ८ प्रदेश स्थापना दिवशमा सहभागी झाँकिसमूहको खर्च सम्बन्धमा ।**

प्रस्ताव न. ८ माथि छलफल गर्दा लुम्विनी प्रदेशको स्थापना दिवश २०८०।१०।२१ गतेको कार्यक्रमा यस गाउँपालिकाबाट सहभागी झाकी समूहहरु (३ वटा) को गाडीभाडा खर्च, ब्यानर खर्च वापतको रु. ४२,७६०/- गाउँपालिकाबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय न. ९ स्वास्थ्य क्षयरोग मुक्त घोषणा कार्यक्रमको कर्मचारी पदपूर्ती सम्बन्धमा ।**

प्रस्ताव न. ९ माथि छलफल गर्दा नेपाल सरकार स्वास्थ्य सेवा विभाग( राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र भक्तपुर) को च.न. २५९ मिति २०८०।१०।४ गतेको पत्रानुसार क्षयरोग मुक्त स्थानिय तह अभियानका विभिन्न क्रियाकलापहरू शिर्षकको कार्यक्रम संचालानार्थ क्षयरोग मुक्त नेपाल अभियान कार्यक्रम कार्यान्वयनका लागि क्षयरोग मुक्त अभियान कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०७८ (तस्रो संस्करण २०८०) बमोजिम कार्यक्रम संचालनको लागि एक जना कार्यक्रम संयोजक-अधिकृत स्तर छैठौ पदमा BPH वा स्वास्थ्य विज्ञान विषयमा स्नातक तह उत्तीर्ण गरेको पदपुर्ति प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय न. १० आँखाउपचार सेवा केन्द्र स्थापना सम्बन्धमा ।**

प्रस्ताव न. १० माथी छलफल गर्दा सरूमारानी गाउँपालिकामा आँखा उपचार केन्द्र स्थापना गर्ने सन्दर्भमा आवश्यक औजार उपकरण तथा प्राविधिक सहयोगका लागि तिलगंगा सर्जिकल आँखा केन्द्र

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वड्डाँडा प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झगा बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

रासि गाउँपालिका सिसहनिया दाङलाई अनुरोध गर्ने । आँखा उपचार केन्द्र स्थापना स्थानः सरूमारानी गाउँपालिका वडा नं. २, दरभान राखे निर्णय गरियो ।

**निर्णय न. ११ आर्थिक सहयोग सम्बन्धमा ।**

प्रस्ताव न.११ माथी छलफल गर्दा यस गाउँपालिकामा आर्थिक सहायताको लागी प्राप्त भएका निवेदन मध्ये निम्न ब्यक्तिहरुलाई सहयोग उपलब्ध गराउने/अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स. | बिमारी/निबेदकको नाम | ठेगाना | रकम | शिर्षक |
|---|---|---|---|---|
| १ | नम बहादुर खत्री | सरुमारानी -३ | २००००/- | दिर्घरोग स्वास्थ्य सहायता सहयोग कार्यक्रम |
| २ | शारदा खत्री | सरुमारानी-३ | १००००/- | दिर्घरोग स्वास्थ्य सहायता सहयोग कार्यक्रम |
| ३ | पुजा वि.क. | सरुमारानी-५ | १००००/- | दिर्घरोग स्वास्थ्य सहायता सहयोग कार्यक्रम |

**निर्णय न. १२ विविध सम्बन्धमा ।**

- **जिल्ला स्तरीय राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिताको लागि बजेट सम्बन्धमा ।**

जिल्ला खेलकुद विकास समितिको आयोजनामा संचालन हुने जिल्ला स्तरीय राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगितामा यस गाउँपालिकाबाट सहभागि हुने खेलाडी लगाएतको विभिन्न खर्चको लागि हाललाई यस गाउँपालिकाको चालू आ.ब. को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत गाउँपालिका स्तरीय अध्यक्षकप खेलकुद कार्यक्रममा विनियोजन भएको बजेट मध्ये रु १,००,०००/- विनियोजन/खर्च गर्ने निर्णय गरियो ।

- **बृदाश्रम सहयोग रकम सम्बन्धमा ।**

वृदाश्रम सहयोग समिति अनामनगर काठमान्डौ को मिति २०८०।७।१९ च.न. ५४० को मागपत्र/निवेदन अनुसार रु.१०,०००/- चालू प्रशासनिक- विविध शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

- **टोल विकास संस्थाको जानकारी सम्बन्धमा ।**

यस गाउँपालिकामा हाल सम्म ५७ वटा टोल विकास संस्था ( वडा न.-१ मा ६, वडा न. -२ मा ७, वडा न.३ मा ११, वडा न ४ मा ८, वडा न. ५ मा १५ र वडा न. ६ मा १०) गठन भएको जानकारी गराईयो साथै उपरोक्त टोल विकास संस्थाहरुलाई क्षमता विकासका कार्यक्रम, ब्यवस्थापन सहयोग लगाएतका अन्य कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो

प्रमाणिकरण मिति २०८०/१०/२६

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष